DOI: https://doi.org/10.3126/cognition.v7i1.74810

# हाम्रा आवाजहरू गीतिसङ्ग्रहमा वर्गीय चेतना

**डा. शालिकराम पौड्याल**[१]

***लेखसार***

*प्रस्तुत लेखमा लेखनाथ ज्ञवालीको हाम्रा आवाजहरू गीतिसङ्ग्रहमा वर्गीय चेतनाको विश्लेषण गरिएको छ। वर्गीय चेतनाले वर्गबोध, वर्गशोषण तथा वर्गसङ्घर्ष, श्रमप्रतिको सम्मान, श्रमजीवी वर्गको हित आदिलाई बुझाउँछ। वर्गीय चिन्तन मार्क्सवादी साहित्य चिन्तनको स्थापित मान्यता हो। प्रस्तुत लेखमा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ र सामग्री विश्लेषणमा वर्गीय चेतनाका अभिलक्षणहरूमध्ये वर्गीय विभेद, शोषण र अत्याचार विरुद्धको आवाज, क्रान्तिकारी जनचेतना, निम्न वर्गप्रतिको सम्मान, समतामूलक समाज निर्माणको चाहनालाई आधार मानिएको छ। लेखनाथ ज्ञवालीको हाम्रा आवाजहरू गीतिसङ्ग्रहमा नेपाली समाजको वर्गीय अवस्था, शोषण र अत्याचार, श्रमजीवी वर्गको जीवन, अत्याचारी शासन व्यवस्थाका क्रियाकलाप, जनमुखी शासन व्यवस्थाको चाहना जस्ता विषयलाई उद्घाटन गरिएको निष्कर्ष निकालिएको छ। यसमा समाजमा भएका असमानताले नै वर्गद्वन्द्व तथा वर्गीय चेतना जन्मने र वर्गीय चेतनाको सही विश्लेषणले मात्र निम्नवर्गको मुक्ति हुन सक्ने विचार पाइन्छ। यस लेखमा नेपालको सामन्ती राज्यसत्तामा देखापर्ने वर्गीय विभेद र त्यसबाट उत्पन्न समस्याको चित्रण गरिएको प्रस्तुत गीतिसङ्ग्रहमा वर्गीय चेतना सशक्त रहेको निष्कर्ष निकालिएको छ।*

**शब्दकुञ्जी** : क्रान्तिकारी जनचेतना, निम्न वर्ग, शोषण, समतामूलक समाज।

## विषयपरिचय

लेखनाथ ज्ञवाली (वि.सं. २०००-२०६७) मार्क्सवादी विचारका पक्षपाती हुन्। उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा *दसैंको आशिक्* (कवितासङ्ग्रह २०४६), *साथी* (स्मृतिकाव्य २०५६), *खडेरी* (लघुकाव्य २०५८), *माटोका गीतहरू* (२०६३) गीतिकाव्य, *अक्षर* (२०६८) कवितासङ्ग्रह, *हाम्रा आवाजहरू* (२०७०) गीतिसङ्ग्रह प्रकाशित रहेका छन्। मार्क्सवादी दर्शनबाट प्रभावित भई प्रगतिवादी साहित्यिक मान्यताअनुसार साहित्य सिर्जनामा सक्रिय लेखनाथ ज्ञवाली तत्कालीन राजनीतिक विसङ्गति, आर्थिक तथा सामाजिक असमानताले सिर्जना गरेको समस्यामा केन्द्रित भएको देखिन्छ। नेपाली समाजको वर्गीय विषमताको विरुद्धमा सङ्घर्षरत जनताले देखाएको साहस, वीरता, बलिदान र सौर्य तथा राजनीतिक विकृति र विसङ्गति नै उनका कविताको विषयवस्तु रहेको छ। यसैले ज्ञवालीका रचनामा वर्गीय चेतना स्पष्ट देखिन्छ। उनका *हाम्रा आवाजहरू* कवितासङ्ग्रहमा वर्गीय चेतनाको अभिव्यक्त के कसरी भएको छ भन्ने

१. उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, paudyalshalikram@gmail.com

*Received on Nov. 10, 2024 Accepted on Dec. 1, 2024 Published on Jan. 31, 2025*

जिज्ञासा नै यस अध्ययनको मुख्य प्राज्ञिक समस्या हो भने उनका कवितामा वर्गीय चेतनाको प्राज्ञिक ढङ्गले अध्ययन गर्नु नै प्रस्तुत अध्ययनको उद्देश्य हो। लेखनाथ ज्ञवालीका कविताको सामान्य अध्ययन भए पनि उनका कवितामा अन्तर्निहित वर्गीय चेतनाबारे गहन अध्ययन विश्लेषण नभएकाले यसै रिक्तता परिपूर्तिका लागि यो अध्ययन गरिएको हो। यस अध्ययनबाट लेखनाथ ज्ञवालीका कवितामा अन्तर्निहित वर्गीय चेतनाको जानकारी प्राप्त गर्न चाहने जिज्ञासु पाठक र अध्येताहरू लाभान्वित हुने भएकाले यस अध्ययनको औचित्य सिद्ध हुन्छ। यसप्रकार प्रस्तुत अध्ययनमा लेखनाथ ज्ञवालीका *हाम्रा आवाजहरू* गीतिसङ्ग्रहमा वर्गीय विभेद, शोषण र अत्याचार विरुद्धको आवाज, क्रान्तिकारी जनचेतना, निम्न वर्गप्रतिको सम्मान, समतामूलक समाज निर्माणको चाहनामा केन्द्रित रहेर वर्गीय चेतनाको अध्ययन विश्लेषण गरिएको छ।

**अध्ययन विधि**

प्रस्तुत लेखमा लेखनाथ ज्ञवालीको *हाम्रा आवाजहरू* गीतिसङ्ग्रहलाई प्राथमिक स्रोत सामग्रीको रूपमा प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीको रूपमा वर्गीय चेतनासम्बन्धी अध्ययन गरिएका सामग्रीलाई लिइएको छ। दुवै प्रकृतिको सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यस लेखमा पाठ विश्लेषण विधिको प्रयोग गरी गीतमा अभिव्यक्त वर्गीय चेतनाको खोजी गरिएको छ। मार्क्सवादी मान्यतामा स्थापित वर्गीय चेतनासम्बन्धी सिद्धान्तलाई यस लेखको सामग्री विश्लेषणको सैद्धान्तिक पर्याधारका रूपमा ग्रहण गरिएको छ र कृतिपठनलाई केन्द्रमा राखी सामग्रीको व्यवस्थापन गर्दै अर्थापन गरिएको छ। मार्क्सवादी मान्यताको वर्गीय चेतनालाई आधार मानी अध्ययन गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ।

**वर्गीय चेतनासम्बन्धी सैद्धान्तिक अवधारणा**

वर्गीय चेतना वर्गीय समाजमा रहेको वर्गीय शोषणको बोध र यसका विरुद्धको सुझबुझपूर्ण ज्ञान हो। अङ्ग्रेजीको 'क्लास' शब्दको नेपाली रूपान्तर 'वर्ग' शब्दले आर्थिक तथा सामाजिक आधारमा बनेको खास समूहलाई बुझाउँछ (ओझा, सन् २०२४, पृ. ६३)। वर्गीय चेतनाले वर्गबोध, वर्गशोषण तथा वर्गसङ्घर्षजस्ता पक्षहरूलाई पनि जनाउँछ। वर्गीय चेत भनेको श्रमप्रतिको सम्मान, श्रमजीवी वर्गको हित र शोषणप्रतिको घृणाभाव हो। बौद्धिक कर्म वर्गसापेक्ष हुनुपर्छ भन्ने दृष्टिकोण र श्रमिक वर्गको हकहितको पक्षमा गरिने बहस र लेखन नै वर्गीय चेतयुक्त लेखन हो (अधिकारी, सन् २०२२, पृ. २६)। वर्गीय समाजमा वर्गीय समानता कायम गर्न सङ्गठित रूपमा आवाज उठाउने गरिन्छ। वर्गीय चेतना समाजको निर्माणमा नागरिकको समान भूमिकाको विषय हो। यसले सामाजिक जीवनमा वर्गका अतिरिक्त वर्ण, लिङ्ग, जाति र जातका आधारमा गरिने उत्पीडनको विरोध गर्छ (चैतन्य, २०६४, पृ. ५०)। समाजमा आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व र यसका आधारमा समाजमा हैकम जमाउने प्रवृत्तिका कारण वर्गीय चरित्रनिर्माण भएको र समाजमा यसले निरन्तरता पाएको हो (भट्टराई, २०७७, पृ. ६६)। समाजमा वर्गसम्बन्धी सचेत अवधारणा भनेको मार्क्सवादी चिन्तनको उपज हो। सर्वहारा वर्ग एवं समुदायको मुक्तिका लागि समाजलाई रूपान्तरण गर्ने लक्ष्य एवं आदर्शद्वारा डोरिएर लेखिने साहित्य मार्क्सवादी साहित्य हो। यसले समाजलाई वर्गीय दृष्टिले हेर्दछ। मार्क्सवादी साहित्यले समाजमा रहेको अन्याय, अत्याचार र विभेदको अन्त्य गरी समानतामूलक र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य राख्दछ (राना, सन् २०२०, अगस्ट २९)। यस्तो साहित्यले जनताले

गरेका वर्गसङ्घर्ष, उत्पादन सङ्घर्ष र जीवन सङ्घर्षहरूले नै मानवीय जीवनका संवेदनाहरूलाई पनि अत्यन्त विशिष्टीकृत गर्दै समग्र मानवीय जीवनका हितमा व्यक्तिगत हित अन्तर्निहित भएको ठान्छ ।

मानिसका आकाङ्क्षा, चाहना र स्वार्थहरू एकअर्कासँग अन्तर्सम्बन्धित हुन्छन्, सामाजिक उत्पादनमा हुने फरक फरक स्थान विशेषले गर्दा नै तिनीहरूका सामाजिक अवस्था पृथक् पृथक् हुन जान्छन् । सामाजिक रूपमा देखापर्ने त्यस्ता जनसमूह नै वर्ग हुन् (भण्डारी, २०८०, भाद्र ३०) । वर्ग भनेको आम्दानी र आम्दानीका स्रोतहरूको समानता भएका मानिसहरूको समूह हो । वर्गसङ्घर्षले सर्वहारा वर्गको अधिनायकत्वतर्फ लैजान्छ । यो अधिनायकत्व स्वयं पनि वर्गहरूको उन्मूलन र वर्गहीन समाजतर्फ सङ्क्रमणसम्म मात्र रहन्छ (शर्मा र लुइटेल, २०६७ पृ.१४५) । सामन्त र किसानहरू, पुँजीपति र मजदुरहरू आदि नै सामाजिक स्थितिद्वारा निर्धारित जनसमूह हुन् । वर्ग छुट्याउने मुख्य आधार भनेको वर्गीय विभेद हो र त्यसको मूलस्रोत आर्थिक हो । वर्ग मानिसहरूका ती समूह हुन्, जसमा एउटा समूह सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा आफ्नो स्थानको आधारमा अर्को समूहको श्रम हत्याउन सक्छ (लेनिन, १९८५ पृ.४२१) । वर्गीय चेतनाले समाजमा हुने शोषण, अन्याय, अत्याचार, प्रताडना र वर्गीय विभेदले सिर्जना गर्ने गैरमानवीय व्यवहारलाई विरोध गर्छ, त्यसका विरुद्ध सशक्त ढङ्गले प्रतिकार गर्नुपर्ने धारणा राख्छ। समाजमा भएको विकृति, विसङ्गति, शोषण, उत्पीडनलाई जनतासामु ल्याउनुपर्छ र जनतामा क्रान्तिचेत भर्नुपर्छ भन्ने अपेक्षा राख्ने प्रगतिवादी साहित्यले वर्गीय हित चाहन्छ र त्यसका लागि क्रान्ति र परिवर्तन आवश्यक ठान्छ। समाजमा रहेका वर्गको पहिचान र आर्थिक उत्पादन पद्धतिमा हक, कार्यविभाजन र पारिश्रमिक तथा समग्रमा पुँजी कसको पहुँचमा रहेको छ भन्ने विषयको अध्ययनलाई नै वर्गविश्लेषण भनिन्छ (भट्टराई, २०७७, पृ. ७६) । मार्क्सवादले समाजलाई पुँजीपति र श्रमजीवी वर्ग गरी दुई वर्गमा विभाजित गरेर वर्गचिन्तनको सिद्धान्तीकरणको थालनी गरेको हो । माओले साहित्यलाई वर्गीय दृष्टिले हेरेकाले यसलाई राजनीतिमाथि प्रभाव पार्नसक्ने सशक्त अस्त्र मानेको देखिन्छ। उनले साहित्यलाई राजनीतिको मातहतमा राख्दै राजनीतिसँग अन्तर्सम्बन्धित मानेका छन् (माओ, २०४१, पृ. ८०-८१) । वर्गचेतनाले समाजमा रहेका उच्च र निम्नवर्गमा आफ्नो वर्गीय हित र बचाउका लागि आएको व्यवस्थित बुझाइ वा ज्ञानलाई जनाउँछ (ओझा, सन् २०२४, पृ. ६५) । जसरी समाज वर्गयुक्त हुन्छ त्यसरी नै साहित्यका प्रवृत्ति र चरित्र पनि वर्गीय नै हुन्छन् । सामाजिक जीवनमा जुन वर्गको आधिपत्य हुन्छ कला साहित्य पनि त्यसै वर्गको अधीनमा रहन्छ। वर्गयुक्त समाजमा कला साहित्यले आआफ्नो वर्गहितलाई अभिव्यक्ति दिन्छन्। कलाकार तथा साहित्यकारले पनि आआफ्नो वर्गदृष्टि आफ्ना रचनामा प्रकट गरेका हुन्छन् (भण्डारी, २०५३, पृ.१४) । यस भनाइबाट वर्गयुक्त समाजको कला साहित्य पनि वर्गीय नै हुन्छ। मार्क्सवादी मान्यताअनुसार सामन्ती तथा वर्गीय विषमता भएको समाजमा पुँजीपति वर्ग र सर्वहारा वर्ग हुन्छन् । परस्पर विरोधी दुई वर्ग आआफ्नो वर्ग स्वार्थअनुरूप वर्गीय सङ्घर्षमा प्रत्यक्ष अप्रत्यक्ष रूपले भाग लिन्छन् । साहित्य पनि सामाजिक आधारकै अधिरचना भएकाले सामाजिक जनजीवनअनुरूप नै हुन्छ । समाजमा वर्गीय स्थिति देखापरेपछि आदिम समाजमा रहेको सामूहिक भावना पनि वर्गीय भावनामा विभाजित हुन पुग्यो । अधिरचनाको रूपमा रहेको कलासाहित्य रचनाहरूबाट पनि सामूहिक भावना अलग्गिएर वर्गीय चेतनाको रूपमा विकसित भयो (कड्वेल, १९९०, पृ. ५०-६०) । यसरी समाजको व्यवस्था वर्गीय स्वरूपको भएपछि कलासाहित्य पनि वर्गीय स्वरूपकै हुन्छन् र जुनसुकै क्रान्ति वा सङ्घर्ष भए पनि कवि कलाकार वा

कलासाहित्यले वर्गको पक्षपोषण गरेकै हुन्छ। त्यसकारण साहित्यमा व्यक्त विचारहरू वर्गीय हुन्छन् भन्ने स्पष्ट हुन्छ। वर्गीय अवधारणाको विश्लेषणात्मक विशेषता के हो भने यसले मनोगत धारणाभन्दा वस्तुगत यथार्थलाई आत्मसात् गर्छ। यस्तो वस्तुगत यथार्थ, जसले व्यक्तिको सोच, व्यवहार, भौतिक जीवन र जगत्प्रतिको धारणा र चेतना आदिलाई निर्देशित गर्छ (शर्मा, २०८१, असार २०)। लेखकको वर्गीय चेतनाअनुरूप नै कविताको पनि निर्माण हुने भएकाले मार्क्सवादी कलासाहित्यमा लेखकको वर्गीय चेतना महत्त्वपूर्ण भएर आएको हुन्छ। प्रगतिवादी कलासाहित्यका स्रष्टा तथा पात्र दुवैमा वर्गीय चेतना हुनु आवश्यक ठानिन्छ। मार्क्सवादी सौन्दर्यले वर्गीय पक्षधरतामा जोड दिन्छ। यसै आधारमा प्रगतिवादी साहित्यिक सिद्धान्तले सर्वहारा वर्गको पक्षपोषण गर्दै समाजमा भएका आर्थिक, सामाजिक, सांस्कृतिक विभेदको विरोध गर्दछ र समतामूलक समाज निर्माणका लागि सङ्घर्षमा सहभागी हुन उत्प्रेरित गर्छ। वर्गीय चेतनाका विविध अभिलक्षणहरूमध्ये यहाँ वर्गीय विभेद, शोषण र अत्याचार विरुद्धको आवाज, क्रान्तिकारी जनचेतना, निम्न वर्गप्रतिको सम्मान, समतामूलक समाज निर्माणको चाहनाका कोणबाट गीतिसङ्ग्रहको विश्लेषण गरिएको छ।

## छलफल तथा परिणाम

लेखनाथ ज्ञवालीको हाम्रा आवाजहरू गीतिसङ्ग्रहमा वर्गीय समाजमा वर्गभेद, शोषण, दमन, उत्पीडनका स्वरलाई अभिव्यक्त गरिएको छ। नेपाली सामन्ती राज्यसत्तामा देखापर्ने वर्गीय विभेद र त्यसबाट उत्पन्न समस्याको चित्रण गरिएको यस सङ्ग्रहका गीतमा गरिब नेपालीहरूको आर्थिक दुरवस्था र दयनीय जीवनको अवस्थालाई देखाइएको छ। यसमा कविले देश र जनताको उन्मुक्तिका लागि सम्पूर्ण जनता एकताबद्ध भएर क्रान्तिकर्ममा लाग्नुपर्ने सन्देश दिएका छन्। यहाँ यही गीतिसङ्ग्रहका गीतमा पाइने वर्गीय चेतनाअन्तर्गत वर्गीय विभेद, शोषण र अत्याचार विरुद्धको आवाज, क्रान्तिकारी जनचेतना, निम्न वर्गप्रतिको सम्मान, समतामूलक समाज निर्माणको चाहनामा केन्द्रित भएर अध्ययन विश्लेषण गरिएको छ।

### वर्गीय विभेद, शोषण र अत्याचार विरुद्धको आवाज

गीतकार लेखनाथ ज्ञवालीले नेपाली समाजमा विद्यमान वर्गीय विभेद, शोषण र अत्याचार विरुद्धमा तीव्र आक्रोश पोखेका छन्। एउटै समाजमा बस्नेका बिचमा देखापर्ने भिन्नताप्रति प्रश्न गर्दै ज्ञवालीले नेपाली नेपालीका बिचमा रहेको वर्गीय विभेदप्रति विरोध गरेका छन्। धनी र गरिब सबै नेपाल आमाकै सन्तान भएकाले सबैको समान अधिकार हुनुपर्ने भाव व्यक्त गर्दै धनी र गरिब भन्ने अवधारणा अन्त्य गर्नुपर्ने विचार प्रकट गरेका छन्। प्रकृतिले कसैमाथि भेदभाव नगर्ने तर यही समाजको चेतनशील मान्छेले नै भेदभावको सिर्जना गरेका हुन् भन्दै यसप्रकारको विभेद अन्त्य गर्नुपर्ने चाहना अभिव्यक्त भएको छ। समाजमा विद्यमान विभेदलाई गीतमा यसरी प्रकट गरिएको छ :

> हो .... क्कि हैन हामी सबै नेपालका छोरा ?
>
> क्वैको हातमा सुनको घडी कोहीका हात फोरा +
>
> क्वैको घर आलिसन दरबार नै हुने

क्वैका छोरा झुपडीमा भोकभोकै रुने +

ख्वै कहाँ हो ? ख्वै कहाँ हो जाने ?

वीरका छोरा मागेरै के खाने ? (हाम्रा आवाजहरू, पृ.५०)

प्रस्तुत गीति अंशमा नेपाल आमाका सन्तान भएर पनि सबैको अवस्था समान नभएको, समाजमा भेदभाव कायम रहेको, दुःखी गरिबले न्याय नपाएको, वीरका छोरा भएर पनि मागेर खानुपर्ने अवस्था सिर्जना भएको अवस्थालाई देखाइएको छ।

ज्ञवालीले समाजमा विद्यमान अन्याय र अत्याचारको कालो अँधेरी रात जबसम्म समाजबाट हटेर जाँदैन तबसम्म अन्यायमा परेका दुःखी पीडितहरू हिँड्ने उज्यालो बाटो नदेखिने भएकाले जनताका आवाज उठाउने मान्छेको मन चोखो हुनुपर्छ, न्यायका निम्ति सङ्घर्ष गर्ने जनतालाई एकजुट गराएर मुक्तिका लागि लड्न प्रेरित गर्नुपर्छ भन्ने सन्देश व्यक्त गरेका छन्। गीतकारले २०४६ सालमा जनताको अधिकार जनतालाई नै फिर्ता भएकाले गरिब किसानहरू गाउँसहर र बस्तीबस्तीमा आफ्नो अधिकारका लागि जाग्नुपर्ने र सङ्गठित हुनुपर्ने भन्दै जागृतिको गीत गाएका छन् (पौड्याल, २०७१, पृ. २१०)। नेपालमा पञ्चायती शासनको कालरात्रिका वेला देशमा निकै अन्याय, अत्याचार बढेको, गरिब जनतालाई देशमा शासकहरूले न्याय नदिएका, शोषण दमन सहनुपरेको भन्दै अब त्यस्ता शासकहरूको अन्याय अत्याचारको विरोध गरी हक स्थापित गर्न जनता जाग्ने वेला आएको विचार गीतमा प्रकट भएको छ। धर्तीलाई सुन्दर बनाउने मालीहरू भोकभोकै मर्नुपरेको, मिहिनेत गर्ने मालीको हात खाली रहेकोप्रति आक्रोश व्यक्त गर्दै गीतकारले मालीको अधिकार हर्ने दुष्ट र जाली सामन्तलाई नेपाली जनताले चिनेर तिनका काला कर्तुतहरूको पर्दाफास गर्न श्रमजीवी एकजुट हुनुपर्ने विचार प्रकट गरेका छन् :

कहीँ धुलो सडकको सुनको कहीँ अटाली

भोकै यही बसेका ... किन धर्तीका यी माली ?

मिहिनेतले जिउन खोज्नेहरू छन् हात खाली

अधिकार उनको हर्ने छन् कोही दुष्ट जाली +

को हर्छ यिनको पसिना तिनलाई चिन्नुपर्छ

श्रमजीवी लाखौंलाख भई एक हिँड्नुपर्छ। (हाम्रा आवाजहरू, पृ. ७८)

प्रस्तुत गीति अंशमा धर्तीका माली भोकै बस्नुपरेको, हात खाली रहेको, अधिकार हनन भएको अवस्थालाई चित्रण गर्दै श्रमजीवी वर्गको शोषण गर्नेहरू रातारात सम्पन्न बन्न पुगेकाले अब सहेर नबसी तिनका व्यवहारको पर्दाफास गर्न सबै एक हुनुपर्ने आशय व्यक्त भएको छ।

समाजमा अन्याय अत्याचार गरी धन कुम्ल्याउनेहरूका किल्ला अब धेरै दिन नटिक्ने भएकाले तिनै अत्याचारीले गरेका क्रूरता र अन्यायका विरुद्ध क्रान्तिकारी जनता जाग्दै जाने, अत्याचारीका छलकपटका किल्लाहरू भत्कदै

जाने, नरहत्या गरेर भिरेका मानका बिल्लाहरू च्यातिदै जाने अवस्था अब चाँडै आउने बताउँदै गीतकारले जनता हुरीआँधी र ज्वारभाटाको रूप लिएर सडकमा आउँदा देश लुट्नेहरूको हृदयमा भूकम्प जाने र तिनका स्वर्गरूपी महल भत्कने कुरा गीतमार्फत अभिव्यक्त गरेका छन् :

ढल्छन् ती क्रूरताा छलका कठोर किल्ला
नरमेघमा भिरेका च्यातिन्छ मान बिल्ला
भूकम्प चल्छ जनको जब ताँतीभित्र आँधी
हल्लिन्छ स्वर्ग धनको सबलाई लाग्छ व्याधी
जब चल्छ खुन पसिना मिसिएर तप्त धारा
लाग्छन् सबै लुटेरा त्यही भेलमै किनारा। (हाम्रा आवाजहरू, पृ. ७८)

प्रस्तुत गीति अंशमा गीतकारले खुन पसिना लुटिएका नेपाली जनता जागृत भई क्रान्तिको ज्वारभाटाको रूप लिएर अगाडि बढेपछि अन्यायी र अत्याचारीको महल ढल्ने र सबै लुटेराहरू किनारा लाग्ने छन् भन्दै समाजका जालीहरूका दिन अब धेरै नरहेको र उनीहरूको सत्ता ढल्ने आशय प्रकट गरेका छन्।

गीतकार लेखनाथ ज्ञवालीले अन्यायमा परेकालाई सम्बोधन गर्दै शोषणका विरुद्ध लड्न अनुरोध गरेका छन्। समाजमा जनतामाथि अन्याय, अत्याचार र छलछाम गरी घोडा चढी हिँड्नेका विरुद्ध नलड्ने हो भने गरिबलाई ढुक्कसँग बस्न र खान दिने अवस्था नभएको भन्दै समाजका सामन्तका विरुद्ध परिश्रमी किसानलाई हलोजुवा फालेर नारा लगाउँदै हिँड्न आग्रह गरेका छन् :

जल्ले गर्छ छलछाम लड्छु म त साथी
हिँड्नुपर्छ घोडाचढी अन्यायको माथि
हैन भने बस्न खान दिने छैन जाली
हिँड्नुपर्ला भोल पनि हलोजुवा फाली
आफ्नो भन्ने खेतबारी खोलानाल टारी
छोडी हिँड्नुपर्ला फेरि त्यसै माया मारी। (हाम्रा आवाजहरू, पृ. ४८)

प्रस्तुत गीति अंशमा छलछाम गरेर जनतामाथि अन्याय गर्नेहरूका विरुद्धमा आवाज उठाउन नसके र तिनका गतिविधिको विरोध नगरे आफ्नो सारा सम्पत्ति त्यागेर सडकको बास हुने छ भन्दै अन्याय र अत्याचारका विरुद्ध आवाज उठाउन अनुरोध गरिएको छ।

युगीन यथार्थ र वर्गीय शोषणका साथमा समसामयिक वर्गीय द्वन्द्वको जटिल स्थितिलाई सङ्केत गरिएका यस सङ्ग्रहका गीतमा समाज गतिशील भएकाले भविष्यमा अत्याचारी शासन व्यवस्था समाप्त भई नयाँ जनमुखी व्यवस्था स्थापना हुने विश्वास प्रकट गरिएको छ।

**क्रान्तिकारी जनचेतना**

प्रस्तुत गीतिसङ्ग्रहमा तत्कालीन शासन व्यवस्थाका विरुद्धमा जनतामा क्रान्ति चेतनाको ज्वाला दन्काउन खोजिएको छ। जनताले लिएको क्रान्तिको मार्गलाई कसैले रोक्न खोजेमा त्यसको प्रतिकार गर्ने, परिवर्तनको लक्ष्यको मार्गमा डटेर अगाडि बढ्ने, आफ्नो भाग्य रेखा आफैँ कोर्ने, सबै नेपाली मिलेर क्रान्तिको उज्यालो दियो बालेर परिवर्तन ल्याउने आशा प्रकट गरिएको छ :

टेक्न पुगे क्वै जुनीमा हामीले काँडा टेकौँला

पूर्वमा घुम्ने ताराको ज्योति उज्यालो देखौँला

हामीलाई छेक्ने बंगारा बाधा फुटाउँदै मेटौँला

दुःखले गोडा अल्भेको साथीलाई हामीले भेटौला

भाग्यको रेखा कोर्नलाई आजै

बोल नेपाली जिन्दावाद + जिन्दावाद + जिन्दावाद + (हाम्रा आवाजहरू, पृ. १)

प्रस्तुत गीति अंशमा जनताले जीवनका सङ्घर्षका मोडहरू टेकेर भए पनि पूर्वबाट उदाउने क्रान्तिको उज्यालो ज्योति देख्ने, लक्ष्यको पवित्र बाटामा कसैले रोक्न खोजे बङ्गारा भार्ने, कर्मको बाटामा आइपर्ने बाधा हटाउँदै गरिबको उद्धार गर्ने क्रान्तिकारी भाव प्रकट भएको छ।

प्रस्तुत कृतिमा नेपाली वीर सन्तान क्रान्तिको भन्डा बोकेर यो देशका लागि ज्यानसमेत फालेर लड्नुपर्ने, भोलिको सुन्दर भविष्यका लागि कठिन परिस्थितिसँग जुँध्न तयार हुनुपर्ने, देश निर्माणको महान् अभियानमा सबै एकजुट भएर लाग्नुपर्ने क्रान्तिकारी विचार प्रकट भएको छ। क्रान्तिको बाटो सहज नभएको र क्रान्तिको मार्ग पछ्याउनेहरूले जीवनमा आइपर्ने जोखिम तथा दुःखकष्ट भेल्दै सङ्घर्षको मैदानमा खरो भई उत्रनुपर्ने र कसैसँग सम्भौता नगरी क्रान्तिलाई सफल बनाउन लागीपर्ने क्रान्तिपुत्र तथा वीर सहिदप्रति सम्मानको भाव प्रकट गरिएको छ (पौड्याल, २०७१, पृ. १२२)। वर्गीय असमानता भएको समाजमा पसिना बगाउने मजदुर घरबारविहीन हुने, बाटो बनाउने हिँड्न नपाउने, अन्न फलाउने भोकै बस्नुपर्ने, उद्योग चलाउनेले उपभोग गर्न नपाउने, जमिनलाई हराभरा गराउने सुकुम्बासी हुने नेपालको सामन्ती व्यवस्थाको चित्रण गर्दै जसको जोत उसको पोत हुनुपर्ने आवाज मुखरित गरेका छन्। सर्वहारा वर्गको हित र अधिकारका लागि क्रान्ति अपरिहार्य रहेको भाव व्यक्त गर्दै जनता जागे परिवर्तन सम्भव हुने कुरालाई अभिव्यक्त गरेका छन् :

सुकुम्बासी सर्वहारा श्रमजीवी हामी

कुनै हौला बाहुन क्षेत्री कुनै हौँला कामी

हाम्रो यस्तै हृदयमा उस्तै खुन चल्छ

हामी जागे मात्रै बत्ती यो घरमा बल्छ। (हाम्रा आवाजहरू, पृ. १८)

प्रस्तुत गीति अंशमा सर्वहारा श्रमजीवी जनता जागेर क्रान्ति गरेमा गरिब जनताको जीवनमा उज्यालो आउने र समाजमा रहेको असमानता अन्त्य भई समतामूलक समाज स्थापना हुन सक्ने भाव व्यक्त गर्दै सर्वहारा वर्गमा अधिकारका लागि चेतना भर्ने काम गरेका छन् ।

गीतकारले जबसम्म गाउँबस्ती जाग्दैनन् तबसम्म समाजम विद्यमान अँधेरी कालो रात भागेर जाँदैन, उज्यालो बिहानी आउँदैन, जनताका खोसिएका अधिकार फिर्ता आउँदैन भन्दै सर्वहारा वर्ग सुखपूर्वक जिउनका लागि मान्छे खाने काललाई लखेट्नुपर्छ र समाजमा विद्यमान कालो अन्यायको युगलाई भगाउनुपर्छ अनि यसका लागि नेपाली दाजुभाइ सबै मिलेर उठी क्रान्ति गरेर समाजमा परिवर्तन ल्याउनुपर्छ भन्ने अभिव्यक्ति प्रकट गरेका छन् । परिवर्तन र जनताको हकअधिकार स्थापित गर्न क्रान्ति अपरिहार्य रहेकाले सबै जनतामा क्रान्तिचेत आउनुपर्ने आशय यहाँ व्यक्त भएको छ। सामाजिक रूपान्तरणको आह्वान गरिएका यस सङ्ग्रहका गीतमा उज्यालो परिवर्तनका लागि क्रान्तिमा समर्पित हुन जनतालाई आग्रह गरिएको छ।

**समतामूलक समाज निर्माणको चाहना**

प्रस्तुत गीतिसङ्ग्रहका गीतमा अन्यायपूर्ण राज्य व्यवस्थाको अन्त्य गरी समतामूलक समाज निर्माणको चाहना प्रकट भएको छ। गीतकार ज्ञवालीले समाजमा हेपिएर बसेका सबै नेपालीलाई आफ्नो अधिकारका लागि उठ्न, समाजमा रहेको अन्धकारलाई फाली उज्यालो बनाउन, चेतनाको ज्योति बाल्न र जागृतिको गीत गाउन आग्रह गरेका छन् । समाजमा विद्यमान गरिबलाई मारेर खाने सामन्ती चलनलाई जरैदेखि उखेलेर नफालेसम्म शोषणरहित समाज निर्माण हुन नसक्ने भएकाले यस कर्ममा लाग्न जनतालाई सचेत गराइएको छ। शोषित पीडित जनताले हकअधिकारका लागि आवाज उठाउनुपर्ने, जन्मभूमिको स्वतन्त्रताका लागि मर्न पनि तयार हुनुपर्ने, पाखुरीको पसिना बगाएर बाँच्नुपर्ने भन्दै गीतकारले जनताको हकअधिकार लुटी खाने ठालुहरूलाई उम्कन दिन नहुने, बाघ बनेर बसेका ठालुसँग लड्न ज्यामी, मजदुर र किसान एकजुट हुनुपर्ने भन्दै समाज निर्माणको अभिभारा जनताको काँधमा आएकाले पछि हट्न नहुने विचार व्यक्त गरेका छन् ः

देशका निम्ति मर्नुपरे लड्दालड्दै मरौँ
दिन यौटा पक्कै हाम्रो उदाएर आउँछ
हाम्रो गीत डाँडाकाँडा वनपाखा छाउँछ
धरतीको चिसो पानी अञ्जुलीले पिउँला
हामी आफ्नै पाखुरीको पसिनाले जिउँला
हाम्रो हक लुटी खाने ठालु कहाँ जाला ?
कति दिन गरिबलाई बाघ बनी खाला ?
हामी ज्यामी खेतीवाल यौटै मुठी बन्छौँ
हाम्रो बाटो छेक्नेलाई कोदालीले खन्छौँ । (हाम्रा आवाजहरू, पृ. १८-१९)

प्रस्तुत गीति अंशमा धरतीको चिसो पानी अञ्जुलीले पिएर पाखुरीको पसिना बगाएर अन्यायका विरुद्धमा लडेमा समाजमा न्याय स्थापित हुने, डाँडाकाँडामा मुक्तिको गीत गुञ्जिने भएकाले सबै एक भई समाज निर्माणको अभियानमा बाधा दिनेलाई कोदालीले खन्नसमेत पछि पर्न नहुने आशय व्यक्त भएको छ।

प्रस्तुत गीतिसङ्ग्रहका गीतमा समाजमा देखापरेको दुःखपूर्ण अन्धकारको समय हटेर एक दिन उज्यालो छाउने र समयको मागले इतिहासमाथि उथलपुथल ल्याई परिवर्तन ल्याउने चाहना प्रकट भएको छ। अँधेरी रात हटेपछि झलमल दिन आउने, रातको कालो पर्दालाई हटाएर प्रभातले नयाँ बिहानी लिएर आउने प्रकृतिको नियम भएजस्तै समाजका मान्छेको चेतनामा आँधीबेरी आएपछि समाजका अन्याय, उत्पीडन, अत्याचार आदिलाई क्रान्ति चेतनाले उडाइदिने र समाजमा उज्यालो छाउने कुरालाई गीतमा प्रस्तुत गरिएको छ ः

प्रकृतिको नियम हो ... दिनपछि रात हुन्छ

भत्काई रातको घटा फेरि प्रभात हुन्छ

मान्छेको चेतना जब चल्छ जोर आँधी

मै हुँ भनेर चल्नेहरूलाई पनि उडाउँछ।

एक दिन अवश्य आउँछ सारा उज्यालो छाउँछ

युगले उथलपुथल यो ... इतिहासमाथि ल्याउँछ

दुःखको अन्धकारमा पनि ....। (हाम्रा आवाजहरू, पृ. ८२)

प्रस्तुत गीति अंशमा प्रकृतिमा रातपछि दिन आएझैँ जनताको जीवन र समाजमा पनि दुःख, अभाव र पीडा पछि खुसी, सुख र उज्यालो आउने अनि त्यसले समाजमा विकृतिलाई अन्त्य गरेर स्वच्छ समाज निर्माण हुने गीतकारको आशा प्रकट भएको छ। यहाँ समाजमा विद्यमान सामन्ती अन्धकारको युग समाप्त भई एक दिन उज्यालो आउने र समाजको अन्याय अत्याचारको युगलाई समाप्त पार्ने अभिव्यक्ति प्रकट भएको छ।

**निम्न वर्गप्रतिको सम्मान**

प्रस्तुत गीतिसङ्ग्रहका गीतमा लेखनाथ ज्ञवालीले समाजका गरिब, दुःखी जनताका पीडाका आवाजलाई अभिव्यक्त गरेका छन्। गरिबको घरपरिवारमा बाबु नाङ्गै बस्नुपरेको, आमाले दुधको लाम्टो ढाक्न नसकेको, साना बालबालिका थाङ्ना बेरेर बस्नुपरेको, बाबुको शिरको टोपी फाटेको, आमाको धोती च्यातिएको अवस्थालाई कारुणिक रूपमा चित्रण गर्दै गरिब र निम्नवर्गका जनताको अवस्थालाई देखाएका छन्। गरिब परिश्रमी मजदुरहरू समाजका सामन्तको निशानामा परेका, परिश्रमी किसानका बारेमा बोलिदिने कोही नभएको, निम्न वर्गका व्यक्तिको सहारा कोही बन्न नसकेकामा गीतकार चिन्ता प्रकट गर्दै तन्नेरी युवालाई निम्न वर्गका व्यक्तिको आत्मसम्मान र जीवनको रक्षार्थ आवाज उठाउन आग्रह गरेका छन् ः

हामी ज्यामीको शरीर आत्मा हो किसान हौँ
हामी हेपिएका एक जातको निशान हौँ
हाम्रो निम्ति अर्पिएको ख्वै कहाँ छ ठाउँ ?
बोल केही तन्नेरी हो + हामी कहाँ जाऊँ ?
बताऊ केही तन्नेरी हो + (हाम्रा आवाजहरू, पृ.२०)

प्रस्तुत गीति अंशमा निम्न वर्ग र जातका परिश्रमी किसानका लागि समाजमा कहाँ ठाउँ छ भन्दै तन्नेरी युवालाई गरिबका बारेमा बोल्न र उनीहरूको रक्षार्थ उभिन आग्रह गरिएको छ।

गीतकार ज्ञवालीले परिश्रमी मजदुर आफ्नो ज्यान हत्केलामा राखेर जीवन बिताउन बाध्य छन् भन्दै शिशिरको उजाड प्रकृतिमा वसन्त आएझैँ दुःखीका जीवनमा पनि सुखका दिन आउने आशा प्रकट गरेका छन्। गरिब निमुखाले जीवनभर परिश्रम गर्ने तर आफू र परिवार भोकभोकै बस्नुपर्ने अवस्थाको अन्त्य नभएसम्म समाजमा समानता नआउने विचार व्यक्त गर्दै ज्ञवालीले श्रमजीवी वर्गलाई ठुलाबडाको चाकडीको गीत होइन, गरिबदुःखीका जीवनका गीत गाउन र समाजका सामन्ती जालीलाई जाल हान्न आग्रह गरेका छन्। गरिबहरू जङ्गलमा भिल्ल जातिका रूपमा बस्न बाध्य हुनुपरेको, गरिबको जिन्दगीमा कहिल्यै खुसीका दिन आउन नसकेको, गरिबदुःखीले जीवनमा हाँसो र खुसीको गीत गाउन नपाएको भन्दै गीतकारले निम्न वर्गका जनताको पीडादायी अवस्थाको चित्रण गरेका छन् :

आखिरमा गरिब नै भएको छ भिल्ल
कैले होला यो पालीमा उज्यालो छाउने ?
कैले होला हाम्ले पनि हाँसी गीत गाउने ?
कति बसौ ? .... (हाम्रा आवाजहरू, पृ. ४४)

प्रस्तुत गीति अंशमा गीतकारले गरिबको जीवनमा खुसीका उज्याला दिन आउन नसकेको, भिल्ल जातिका रूपमा बस्न बाध्य हुनुपरेको, खुसी र हाँसोका साथ बाँच्न नपाएका दुःखी गरिबका आवाजलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन्।

**निष्कर्ष**

गीतकार लेखनाथ ज्ञवालीले *हाम्रा आवाजहरू* गीतिसङ्ग्रहमा नेपाली समाजको वर्गीय अवस्थालाई सूक्ष्म रूपमा निरीक्षण गरी समाजको यथार्थ वस्तुस्थितिको चित्रण गर्दै वर्गीय समाजको नेपाली जनजीवनलाई प्रस्तुत गरेका छन्। यस सङ्ग्रहका गीतमा वर्गीय र जातीय उत्पीडन, शोषण र अत्याचार, श्रमजीवी वर्गको जीवन, अत्याचारी शासन व्यवस्थाका क्रियाकलाप, जनमुखी शासन व्यवस्थाको चाहना, परिवर्तन र समाज निर्माणका लागि क्रान्ति आवश्यक रहेको जस्ता विषयलाई उद्घाटन गरिएको छ। ज्ञवालीले समाजमा वर्गीय मुक्ति आन्दोलनको पक्षमा उभिएर दीनदुःखी, शोषितपीडित र सर्वहारा श्रमजीवी जनताको वर्गीय हितका पक्षमा आवाज उठाएका छन्। समाजमा विद्यमान वर्गीय उत्पीडन र जातीय भेदभावलाई सामाजिक कलङ्कका

रूपमा लिँदै त्यसको अन्त्य गर्न जागृतिको गीत घन्काएका छन् । गरिब सर्वहारा श्रमजीवी किसानले आफ्नो अधिकार लिनका लागि गाउँगाउँबाट उठ्नुपर्ने भाव व्यक्त गर्दै लेखनाथ ज्ञवालीले देशमा जनतामाथि हुँदै आएको अन्यायका कारण नै क्रान्तिले भयङ्कर रूप धारण गरेको र परिवर्तन आएको धारणा प्रकट गरेका छन् । नेपालको सामन्ती राज्यसत्तामा देखापर्ने वर्गीय विभेद र त्यसबाट उत्पन्न समस्याको चित्रण गरिएको यस गीतिसङ्ग्रहमा वर्गीय समाजमा रहेका वर्गभेद, शोषण, दमन, उत्पीडनका स्वरलाई अभिव्यक्त गरिएको छ । गीतकार ज्ञवाली शोषित वर्गका पक्षमा दृढतापूर्वक उभिएका हुँदा उनका गीतमा वर्गीय पक्षधरता रहेको पाइन्छ । सर्वहारा वर्गका पक्षमा रही सामन्तवादी तथा पुँजीवादी राज्यसत्ताका विपक्षमा रहेर रचना गरिएका उनका गीतमा न्याय र समानतामा आधारित सुन्दर समाज निर्माणको आदर्शलाई अभिव्यक्त गरिएको देखिन्छ ।

**सन्दर्भसामग्री**


अधिकारी, तेजविलास (सन् २०२२). मफलर युद्धमा वर्गीय चेत. *डिएमसी जर्नल,* ७ (६). पृ. २५-३५. DOI: https://doi.org/10.3126/dmcj.v7i6.57683 .

ओझा, बाबुराम (सन् २०२४). भोग कथामा वर्गीय चेतना, *वाङ्मय,* २० (१). पृ. ६३-७२. DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68202.

कड्वेल, क्रिस्टोफर (सन् १९९०). *विभेद और यथार्थ.* (अनु. भगवान् सिंह). नयी दिल्ली : राजकमल प्रकाशन ।

चैतन्य (२०६४). *क्रान्ति र सौन्दर्य* (सम्पा.). काठमाडौँ : प्रगतिशील साहित्य अध्ययन केन्द्र ।

ज्ञवाली, लेखनाथ (२०७०). *हाम्रा आवाजहरू.* रूपन्देही : कवि लेखनाथ ज्ञवाली स्मृति प्रतिष्ठान ।

पौड्याल, शिवप्रसाद (२०७१). *कवि लेखनाथ ज्ञवालीका कविताकृतिको अध्ययन.* रूपन्देही : कवि लेखनाथ ज्ञवाली स्मृति प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली* सन्दर्भ. काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, जगदीशचन्द्र (२०५३). *प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि. कीर्तिपुर ।

भण्डारी, जगदीशचन्द्र (२०८०, भाद्र ३०). वर्ग, जाति र जातीय चेतना. *मूल बाटो.* https://moolbato.com/2023/09/57241.

माओत्सेतुङ (२०४१). *चुनिएका रचनाहरू भाग -* ३. कीर्तिपुर : प्रगति पुस्तक भण्डार ।

राना, नानीमाया (सन् २०२०, अगस्ट २९). सहिदको सालिक कथामा प्रगतिवादी चेतना. *समकालीन साहित्य.* https://www.samakalinsahitya.com/sahitya/details/6986

लेनिन, भ्ला.इ. (सन् १९८५). *सङ्कलित रचना भाग* ४-७. मास्को : प्रगति प्रकाशन ।

शर्मा, पीताम्बर (२०८१, असार २०). नेपालमा वर्ग र जातिको अवस्था. *नयाँ विश्व.* https://www.nayabishwo.com/2023/07/05/121443.

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।